# पिपरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पिपरा, महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
चलानी नं.:

मितिः २०८१/१२/१९

**सूचना ।** **सूचना ।।** **सूचना ।।।**

**प्रथम पटक प्रकाशित मिति २०८१।१२।१९**

उपरोक्त सम्बन्धमा पिपरा गाउँपालिका स्थित वडा नं. ४ मा रहेको हसामा २ (दुई) पटक लाग्ने पिपरा हाटवजार को आ.ब. ०८१/८२ को बाँकी अवधि देखि आषाढ मसान्त सम्मको कर असुलीको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्मले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन कार्यालय समय भित्र दरभाउ पत्र फराम वापत रु. १,०००।- तिरी राजश्व शाखावाट उक्त फाराम खरिद गरि यसै साथ संलग्न शर्तको अधिनमा रही ८ (आठौ) दिन दिनको १:०० बजे भित्र रितपुर्बक शिलबन्दी दरभाउ पत्र पेस गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

| क्र.सं. | ठेक्काको नाम | वडा नं. | ठेक्का अवधि | न्यूनतम कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | पिपरा हाट वजार कर असुली | ४ | आ.व. ०८१/८२ को आषाढ मसान्त सम्म (मिति २०८२ वैशाख देखि २०८२ आषाढ मसान्त सम्म) | १,३५,०००।- (एक लाख पैतिश हजार मात्र) | |

पुनश्चः यस सम्बन्धि थप जानकारीको लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्ने सकिन्छ ।

२०८१/१२/१९

नि·प्रमुख प्रशासकीय अधिक

Scanned with CamScanner

## शर्तहरु

१. बोलपत्र दाताले बोलपत्र खरिद गर्न आउदा सम्बन्धित व्यक्ति वा ठेकेदारले आफ्नो नागरिकता प्रमाणपत्र लिई स्वाय उपस्थित भई निवेदन साथ पेश गर्नु पर्ने छ ।

पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

२. खामको बाहिर पट्टी बजारको नाम, वडा नं. र गाउँ कार्यपालिकाको कार्यालय पिपरा उल्लेख गरि बोलपत्र शिलबन्दी (लाह छाप) गरि पेश गर्नु पर्ने छ ।

३. बोलपत्र साथ व्यक्तिको नेपाली नागरिकताको छाँया कपी र बोलपत्रमा रु. १० को टिकट टासी वा नोट नाथी गरी पेश गर्नु पर्ने छ ।

४. बोलपत्र फाराममा बोलपत्रदाताले कबोल गरेको रकमको अंक र अक्षरमा केरमेट नगरी स्पस्ट संग लेखु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिनेछ ।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंक (रकम) को १० प्रतिशतले हुनआउने धरौटी रकम यस कार्यालयको एभरेष्ट बैंक लि., पिपरा शाखामा रहेको धरौटी खाता ग ३-१ खाता नं. ०६२००१०६२००००२ जम्मा गरि सक्कल बैंक भौचर बोलपत्र साथ संलग्न पेश गर्नुपर्ने छ ।

६. सुचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन कार्यालय समय भित्र बोलपत्र फाराम वापत रु. १००० तिरी पिपरा गाउँपालिकाको राजश्व शाखाबाट खरिद गरि ८ (आठौं) दिन दिनको १:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिने छ ।

७. बोलपत्र फाराम कहिड गर्ने अन्तिम दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय सम्ममा बोलपत्र फाराम खरिद गर्न सकिने र त्यसको भोली पल्ट कार्यालय सम्ममा बोलपत्र फाराम खरिद गर्न सकिने र त्यसको भोली पल्टा दिनको १:०० बजे सम्ममा बोलपत्र फाराम दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे बोलपत्र खोलिने छ ।

८. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कारवाही हुने छैन ।

९. बोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै यस गा.पा. को ग.१.१ आन्तरिक राजश्व खाता खाता नं. ०६२००१०६२००००५मा जम्मा गरि सोको सक्कल भौचर सहित सम्झौता गरि चलन पुर्जी लिई सक्नु पर्नेछ । सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत गरि दोश्रो कबोल दातालाई ३ (तीन) दिनको म्याद दिई सम्झौता गर्न आउँ जनाउ दिनेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. यस कार्यालयको छाप र कार्यालय प्रमुख वा तोकिएको कर्मचारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिने छैन ।

१२. कार्यालयले समय-समयमा दिईएको निर्देशनको पालना गर्नु ठेकेदारको प्रमुख कर्तव्य हुनेछ ।

१३. ठेक्का स्वीकृत भए पश्चात ठेकेदारले कुनै कारण देखाई मिनाहा माग गरेमा यस कार्यालयबाट मिनाहा हुने छैन ।

१४. ठेक्का स्वीकृत भई सम्झौता गरे पश्चतात तोकिएको मितिबाट मात्र कर असुल गर्न पाइने छ ।सम्झौता गर्नु भन्दा पहिला दावी गर्न पाइने छैन ।

१५. कार्यालयको स्वीकृती बेगर बाजारको संरचनामा कुनै हेरफेर गर पाइने छैन ।

१६. ठेक्का सम्बन्धी कुनै किसिमको झै-झगडा वा मतभिन्ता भएमा कार्यालयको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१७. बोलपत्र खरिद वापत तिरेको राजश्व फिर्ता हुने छैन ।

१८. यस गा.पा.बाट विभिन्न बस्तु र सेवाको लागि निर्धारण गरेको दर रेट बमोजिम कर असुली गर्नु पर्ने छ र सो दर रेट भन्दा बढी असुली गरेको पाईएमा कार्यवाही गरिनेछ तथा ठेकेदारले बजारको सरसफाई एवं सुरक्षा स्वयम ठेकेदारले गर्नु पर्ने छ ।

१९. यस कार्यालयलाई तिर्नुपर्ने बाँकी बक्यौता रकम रहेका व्यक्ति, ठेकेदार तथा संघ/संस्थालाई बोलपत्र फारम उपलब्ध गराइने छैन भुलवस बाँकी बक्यौता रकम रहेका व्यक्तिको ठेक्का स्वीकृत भएको खण्डमा निजको ठेक्का जुनसुकै बेला रद्ध गरिनेछ साथै निजले बुझाएको रकम समेत जफत गरिनेछ ।

२०. ठेकेदारले ठेक्का अवधि भित्र विभिन्न कारण देखाई ठेक्का रद्ध गर्न चाहेमा सो ठेक्का रद्ध हुने छैन ।

२१. यस सुचनामा उल्लेखित शर्तहरुको हकमा सोही बमोजिम नभएको हकमा प्रचलित आर्थिक ऐन,नियम बमोजिम हुने छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner